रुरुक्षेत्र गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ४ मिति :२०८१/१०/२२ (अतिरिक्तांक)

भाग-२

रुरुक्षेत्र गाउँपालिका

गुल्मी, लुम्बिनी प्रदेश

## लिफ्ट खानेपानी आयोजनामा विद्धुत महसुल अनुदान सम्बन्धी मापदण्ड, २०८१

सम्बत २०८१ को मापदण्ड नं. १ कार्यपालिकाबाट पारित मिति : २०८१/१०/२२

# लिफ्ट खानेपानी आयोजनामा विद्धुत महसुल अनुदान सम्बन्धी मापदण्ड, २०८१

प्रमाणिकरण मिति

२०८१/१०/२२

सम्बत् २०८१ सालको मापदण्ड नं. १

**प्रस्तावनाः** रुरुक्षेत्र गाउँपालिका भित्रका जनतालाई स्वच्छ, गुणस्तरीय, सर्वसुलभ र सुरक्षित रुपमा खानेपानी सेवा पुर्याउने उद्देश्यले गाउँपालिकाको घोषित नीति बमोजिम बिद्धमान लिफ्ट खानेपानी आयोजनामा लाग्ने बिधुत महसुलमा अनुदान उपलब्ध गराउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा रुरुक्षेत्र गाउँपालिकाको प्रशासनिक कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा (४) बमोजिमको अधिकार प्रयोग गरी यो मापदण्ड तयार गरी जारी गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस मापदण्डको नाम "लिफ्ट खानेपानी आयोजनामा विद्धुत महसुल अनुदान सम्बन्धी मापदण्ड, २०८१" रहेको छ ।

२) यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागू हुनेछ ।

३) यो मापदण्ड रुरुक्षेत्र गाउँपालिकाभर लागू हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) **"गाउँपालिका"** भन्नाले रुरुक्षेत्र गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) **"अध्यक्ष"** भन्नाले रुरुक्षेत्र गाउँपालिकाको अध्यक्षलाई सम्झिनु पर्दछ ।

(ग) **"अनुदानग्राही"** भन्नाले यस मापदण्ड अनुरुप लिफ्ट मार्फत खानेपानी संकलन तथा वितरण गर्न प्रयोग हुने बिद्धुतको महसुलमा अनुदान प्राप्त गर्ने खानेपानी समितिलाई जनाउँछ ।

(घ) **"अनुदान"** भन्नाले लिफ्ट खानेपानी योजनामा प्रयोग हुने बिद्धुत महसुलमा प्रदान गरिने छुट/सहुलियत रकम सम्झनु पर्दछ ।

(ङ) **"प्राधिकरण"** भन्नाले नेपाल बिद्धुत प्राधिकरण लगायत बिद्धुत वितरक कम्पनी वा सामुदायिक संस्था, वितरण तथा ग्राहक सेवा निर्देशनालय, लुम्बिनी प्रादेशिक कार्यालय वा सो अन्तर्गतको गुल्मी जिल्ला भित्र कार्यक्षेत्र पर्ने जिल्ला स्थित बिद्धुत वितरण केन्द्र समेतलाई सम्झनु पर्दछ ।

(च) **"सामुदायिक बिद्धुत उपभोक्ता संस्था"** भन्नाले ग्रामिण क्षेत्रमा सामुदायिक रुपमा बिद्धुत वितरण सेवा प्रदान गर्ने उद्देश्यले नेपाल बिद्धुत प्राधिकरणको नियमनभित्र रही सामुदायिक ग्रामिण बिद्धुत विनियमावली , २०७१ को विनियम ४ बमोजिम स्थापना भएको वितरक संस्था भन्ने सम्झनु पर्दछ ।

(छ) **"बिद्धुत महसुल"** भन्नाले यस मापदण्ड बमोजिम बिद्धुत मिटर जडान भै लिफ्ट खानेपानी योजनामा बिद्धुत प्रयोग गरे वापत तिर्नुपर्ने रकम सम्झनु पर्दछ ।

(ज) **" समिति"** भन्नाले खानेपानी तथा सरसफाई समिति सम्झनु पर्दछ ।

(झ) **"कार्य समिति"** भन्नाले संस्थाको बिधान अनुसार गठन भएको कार्य समिति सम्झनु पर्दछ ।

(ञ) **"स्थानीय अधिकारी"** भन्नाले रुरुक्षेत्र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ट) **"कार्यक्षेत्र"** भन्नाले रुरुक्षेत्र गाउँपालिकालाई कार्यक्षेत्र बनाई मुख्य कार्यालय गाउँपालिकाको क्षेत्रभित्र संचालन भएकोलाई सम्झनु पर्दछ ।

(ठ) **"कार्यालय"** भन्नाले रुरुक्षेत्र गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ड) **"सम्बन्धित शाखा"** भन्नाले रुरुक्षेत्र गाउँपालिकाको खानेपानी तथा सरसफाई शाखा सम्झनु पर्दछ ।

(ढ) **"तोकिएको वा तोकिएको बमोजिम"** भन्नाले यस मापदण्ड तथा गाउँ कार्यपालिकाले निर्णय गरी तोकिएको भन्ने बुझ्नु पर्दछ।

## परिच्छेद-२

## समिति सम्बन्धी व्यवस्था

३. **निर्देशक समिति :** (१) यस मापदण्ड बमोजिम बिद्धुत महसुलमा अनुदान कार्यक्रम संचालनको लागि गाउँपालिकामा देहाय बमोजिम निर्देशक समिति रहनेछ :

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) अध्यक्षले तोकेको १ जना महिला सहित २ जना गाउँ कार्यपालिका सदस्य - सदस्य

(च) खानेपानी तथा सरसफाई शाखा प्रमुख -सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार बिषय बिज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिका सदस्यहरुलाई गाउँपालिकाको खर्चको मापदण्ड बमोजिम बैठक भत्ता उपलब्ध हुनेछ ।

४. **निर्देशक समितिको काम, कर्तब्य र अधिकारः** (१) निर्देशक समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यक्रम व्यवस्थापन समितिले सिफारिस गरेका आयोजना र अनुदान रकम आवश्यकता अनुसार स्वीकृत गर्ने,

(ख) अनुदानको लागि बिनियोजन भएको बजेटको उपलब्ध बजेट र कार्यालयको मागको आधारमा लाभग्राहीहरुमा बाँडफाँड गर्ने,

(ग) कार्यक्रमको प्रभावकारिता हेरी अनुदान रकम परिचालन/व्यवस्थापन तथा अन्य नीतिगत बिषयहरुमा कुनै समस्या भएमा गाउँ कार्यपालिकालाई आवश्यक निर्देशन, सुझाब र सल्लाह दिने,

(घ) अनुदानका लागि विनियोजन रकमको परिचालन सम्बन्धी आंशिक र बृहत अनुगमन गर्ने,

(ङ) आवश्यकता अनुसार अन्य नीतिगत निर्णय गर्ने ।

५. **<u>कार्यक्रम व्यवस्थापन समितिः</u>** (१) अनुदान कार्यक्रम संचालनका लागि कार्यालयमा देहाय बमोजिम कार्यक्रम व्यवस्थापन समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत _ संयोजक

(ख) पूर्वाधार शाखा प्रमुख _ सदस्य

(ग) योजना शाखा प्रमुख _ सदस्य

(घ) खानेपानी तथा सरसफाइ शाखा प्रमुख _ सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार बिषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिका सदस्यलाई गाउँपालिकाको खर्चको मापदण्ड बमोजिम बैठक भत्ता उपलव्ध हुनेछ ।

६. **<u>कार्यक्रम व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार</u>**ः कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) यस मापदण्ड बमोजिम अनुदानका लागि माग भएका आयोजनाहरुमा अनुदान रकम स्वीकृत गर्न निर्देशक समिति समक्ष सिफारिस गर्ने,

(ख) अनुदान सम्बन्धमा मुल्याकंनका आधार तयार गरि प्रस्ताव छनौट प्रक्रिया तथा अनुदान सिमा र अनुदान उपलब्ध हुने अवधि तोक्ने,

(ग) कार्यालयको कालोसूचीमा दर्ता भएको अनुदानग्राहीले सरकारी बाँकी सरहको असुल उपर गर्नुपर्ने अनुदान सोधभर्ना भुक्तानी गरेको प्रमाण कागजात पेश गरेमा कालोसूचीबाट फुकुवा गर्न निर्देशक समिति समक्ष सिफारिस गर्ने,

(घ) यस मापदण्डमा अन्यत्र जे सुकै लेखेको भएता पनि खण्ड (ग) बमोजिम कालो सूचीबाट फुकुवा भएका अनुदानग्राही दुई आर्थिक वर्षपछि मात्र अनुदान प्राप्तिका लागि योग्य मानिनेछ ।

(ङ) कार्यक्रमसँग सम्बन्धित सरोकारवाला निकायहरुसँग आवश्यक समन्वन गर्ने,

(च) कार्यक्रम संचालन सम्बन्धमा अन्य आवश्यक निर्णय गरी अनुमोदनको लागि निर्देशक समिति समक्ष पेश गर्ने ।

७. <u>स्थान तथा अनुदानग्राही छनौटको आधार</u>ः

(क) व्यवसायिक उद्योग बाहेक सामुदायिक सेवामुलक , खानेपानी वितरण , कृषि तथा सिंचाई कार्य गर्ने प्रयोजनमा गठन भइ दर्ता भएका समिति हुनुपर्ने,

(ख) खानेपानी समिति गाउँपालिकाको कार्यालयमा दर्ता भई नियमानुसार स्थायी लेखा न. जारी गरी नियमित नविकरण भएको हुनुपर्ने,

(ग) वार्षिक साधारण सभाबाट समितिको लेखा परिक्षण प्रतिवेदन अनुमोदन भई गाउँपालिकामा अनुदान रकम मागको लागि बहुमतबाट निर्णय भएको हुनुपर्ने,

(घ) खण्ड (ग) बमोजिम यो मापदण्ड लागु हुँदाका समयमा वार्षिक साधारण सभा सम्पन्न भइसकेको अवस्थामा कार्यसमितिले निर्णय गरी त्यस पश्चात बस्ने वार्षिक साधारणबाट अनुमोदन गराउन बाधा पर्ने छैन ।

(ङ) अनुदान रकम प्राप्त गर्ने अनुदानग्राहीले साबिकमा लिँदै आएको मासिक खानेपानीको न्युनतम महसुलमा ४५ प्रतिशत छुट दिने प्रतिबद्धता गर्नुपर्ने,

(च) खण्ड (ङ) बमोजिमको छुट रकम ५० भन्दा कम उपभोक्ता भएका वा मासिक विद्दुत महसुल रु. ५०००/- (पाँच हजार रुपैया ) भन्दा कम भएका वा दुबै भएका वा अन्य असमान्य अवस्था भएका समितिहरुको लागि निर्देशक समितिको निर्णय बमोजिम हुनेछ ।

(छ) बजेट बिनियोजन कम भएको अवस्थामा कार्यक्रम व्यवस्थापन समितिले आलोपालो गरि आयोजनालाई अनुदान रकम प्रदान गर्न सक्नेछ तर कार्यक्रम व्यवस्थापन समितिको सिफारिसमा निर्देशक समितिले बहुसंख्यक दलित, गरिब, पिछडिएको बर्ग, सिमान्तकृत समुदाय उपभोक्ता रहेको आयोजनामा प्रत्येक आर्थिक वर्ष अनुदान रकम उपलब्ध गराउन थप निर्णय गर्न सक्नेछ ।

## परिच्छेद-३

## अनुदान कार्यक्रम कार्यान्वयनका लागि सहजीकरण

८. **कार्यक्रम संचालन प्रक्रियाः** बार्षिक स्वीकृत कार्यक्रममा व्यवस्था भए अनुसार गाउँपालिका वा वडा कार्यालयबाट अनुसूची -१ बमोजिमका क्षेत्रहरुमा अनुदान कार्यक्रम कार्यान्वयनका लागि आर्थिक वर्षको शुरुवातमा अनुसूची -२ बमोजिम १५ दिन भित्र आवेदनका लागि सूचना प्रकाशन गरिनेछ । तर मापदण्ड लागू हुँदाको बर्ष यो मापदण्ड लागु भएको १ महिना भित्र आवेदन संकलन गर्न सकिनेछ ।

९. **अनुदानग्राहीले पालना गर्नुपर्ने शर्तहरु :** (१) अनुदानग्राहीले अति आवश्यक प्रयोजनार्थ बाहेक सकभर बिद्धुत खपत अफ पिक आवरमा गर्नुपर्नेछ । यसका लागि समितिलाई अनिवार्य प्रबिधिमैत्री बनाउनु पर्नेछ ।

(२) अनुदान प्राप्त हुने योजनाको बिद्धुत खानेपानी बाहेक अन्य घरायसी तथा व्यवसायिक प्रयोजनमा प्रयोग गर्ने पाईने छैन ।

(३) मापदण्ड लागू भएको १ वर्ष भित्र समितिलाई सामुदायिक समितिमा रुपान्तरण गर्नुपर्नेछ ।

(४) अनुदान माग गर्दा गत आ.ब.को विद्धुत महसुलको बिल , बैंक स्टेटमेन्ट र समितिको चल/अचल सम्पत्तीको विवरण समेत संलग्न गर्नुपर्नेछ ।

## परिच्छेद-४

## बिद्धुत महसुल अनुदान

**१०. आवेदन संकलन तथा अनुदानग्राही छनौटः** (१) इच्छुक समितिले अनुसूची १- बमोजिमको क्षेत्रमा गाउँपालिका वा वडा कार्यालयबाट अनुसूची २- बमोजिम प्रथम पटक सूचना प्रकाशन भइसके पश्चात अनुसूची ३- बमोजिमको ढाँचामा सुचना प्रकाशनको मितिले १५ दिनसम्मको अवधि भित्र कार्यालयमा निवेदन पेश गर्न सक्नेछन् ।सम्भब भएसम्म श्रावण महिनाको पहिलो हप्तामा गाउँपालिका वा वडा कार्यालयले सुचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भइसके पश्चात कार्यालयले प्रचलित कानुन बमोजिम दर्ता गर्नुपर्नेछ ।

(३) कार्यालय तथा कार्यक्रम व्यवस्थापन समितिले श्रावण महिना सम्म दर्ता भएका निवेदनमा आवश्यक छानविन र जाचँबुझ गरि भदौ १५ गते भित्रमा अनुदान रकमको लागि निर्देशक समिति समक्ष सिफारिस गर्नुपर्दछ । तर चालू आर्थिक बर्षको लागि यो मापदण्ड लागु भएको १ महिना भित्र आवेदन संकलन गरि यस मापदण्डका सम्पूर्ण प्रक्रिया पुरा गरि मापदण्ड लागु भएको ४५ दिन भित्र निर्देशक समिति समक्ष पेश गर्नुपर्नेछ ।

(४) निर्देशक समितिले कार्यक्रम व्यवस्थापन समितिले गरेको सिफारिसको आधारमा उपलब्ध बजेटको सिमा भित्र रहि अनुदान पाउने योजनाको नाम खुलाई कार्यालयलाई सिफारिस गर्नुपर्नेछ । कार्यालयले अनुदानग्राहीलाई सोको जानकारी गराउनुपर्नेछ ।

(५) कार्यालयले उपदफा (३) बमोजिम छनौट भएका अनुदानग्राहीलाई बार्षिक आवश्यकता पर्ने बिद्धुत युनिटको एकिन गरि अनुसूची -४ बमोजिमको ढाचामा बिद्धुत अनुदान परिचयपत्र प्रदान गर्नुपर्नेछ ।

(६) उपदफा (३) बमोजिम छनौट भई उपदफा (४) बमोजिम परिचयपत्र पाएका अनुदानग्राहीहरुसँग कार्यालयले अनुसुची -५ बमोजिम सम्झौता गर्न सक्नेछ । अनुसूची-५ का बुदाँहरु आवश्यकता अनुसार कार्यालयले थपघट गर्न सक्नेछ ।

**११. <u>अनुदान रकमः</u>** (१) यस मापदण्ड बमोजिम अनुदानग्राहिको रुपमा छनौट भई दर्ता भएका तथा अनुदान परिचपत्र प्राप्त गरेका अनुदानग्राहीलाई मासिक रुपमा भुक्तानी गर्न सकिनेछ ।तर बजेट अभाव हुने अवस्थामा चौमासिक रुपमा समेत भुक्तानी गर्न बाधा पर्ने छैन ।

(२) यस मापदण्ड बमोजिम अनुदानग्राहीको रुपमा छनौट भइ दर्ता भएका समितिको विद्धुत महसुलको ७५ प्रतिशतले हुने रकम सम्बन्धित समितिको बैंक खातामा भुक्तानी गरिनेछ ।

(३) एक भन्दा बढी लिफ्ट गर्ने समितिहरुको लागि प्रतिमहिना प्रतिलिफ्ट थप अनुदान रकम रु. ५०००/- प्रदान गरिनेछ ।

(४) विद्धुत महसुलको रकम ढिला गरी भुक्तानी भएमा लाग्ने जरीवानाको रकम समिति वा सेवाग्राही आफैले बेहोर्नु पर्नेछ ।

(५) प्राधिकरणको कालोसूचीमा परेका अनुदानग्राहिलाई अनुदान दिईने छैन ।

(६) अन्य कुरा निर्देशक समितिको निर्णय बमोजिम हुनेछ ।

**१२. <u>भुक्तानीः</u>** (१) यस मापदण्ड बमोजिम प्रदान गरिने अनुदान रकम भुक्तानीका लागि छनौट भएका अनुदानग्राहीले मासिक रुपमा बिद्धुत महसुल तिरेको सक्कल बिल र बिद्धुत अनुदान परिचयपत्र सहित कार्यालयमा निबेदन पेश गर्नुपर्नेछ

(२) उपदफा (१) बमोजिम निबेदन प्राप्त भए पश्चात कार्यालयले कागजातको अध्ययन गरि आवश्यकता अनुसार स्थलगत अनुगमन गरि भुक्तानी गर्न सक्नेछ ।

(३) कार्यालयले अनुदानग्राहीको बैंक खाता मार्फत अनुदान रकम भुक्तानी गर्नुपर्नेछ ।

**१३. <u>अनुदान परिचयपत्र नविकरण गराउनु पर्नेः</u>** यस मापदण्ड बमोजिम एक बर्ष बिद्धुत महसुल अनुदान प्राप्त गरेको अनुदानग्राहिले अर्को वर्ष अनुदान लिन चाहेमा कार्यालयबाट अनुदान परिचयपत्र आर्थिक बर्षको भाद्र मसान्तभित्र अनिवार्य नवीकरण गराउनु पर्नेछ ।

(२) खानेपानी संचालनको साथसाथै समितिले थप कुनै योजना संचालन गर्नु पर्ने भएमा/देखिएमा अनुदानग्राहीले योजनाको लागि छुट्टै र खानेपानीको लागि उपभोक्ता संस्था वा समितिको नाउँमा दर्ता भएको संस्थागत मिटर जडान गर्नुपर्नेछ ।

(३) खानेपानी प्रयोजनको लागि जडान भएको बिद्धुतको दुरुपयोग भएमा अनुदान परिचयपत्र नवीकरण गरिने छैन ।

## परिच्छेद -५

## अनुगमन र समन्वय

**१४. अनुगमन गर्नुपर्नेः** (१) अनुदान प्राप्त समितिले गर्ने कार्यक्रमको अनुगमन कार्यालय तथा कार्यक्रम व्यवस्थापन र निर्देशक समितिले गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गरि आवश्यक सुझाव दिनुपर्ने देखिएको अवस्थामा अनुदानग्राही समितिलाई लिखित निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिएको निर्देशन पालना गर्नु सम्बन्धित सबैको कर्तब्य रहनेछ ।

## परिच्छेद -६

## विविध

**१५. कारबाहीको व्यवस्था :** (१) यस मापदण्ड बमोजिम अनुदान दुरुपयोग गर्ने अनुदानग्राहीलाई कार्यालयले अनुदान रोक्का गरि कारवाही गर्न सक्नेछ।

(२) अनुदान प्राप्त गर्ने उद्देश्यले झुट्टा विवरण पेश गरेको, उद्देश्य अनुरुप काम नगरेको वा अनुदान दुरुपयोग गरेको प्रमाणित भएमा कार्यालयले त्यस्तो अनुदानग्राहीलाई कालो सुचिमा समाबेश गरि पछिल्लो १२ महिनाको अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ।

(३) कारबाहीमा परेका अनुदानग्राहिले कारवाहिमा चित्त नबुझेमा निर्देशक समिति समक्ष १५ दिन भित्र उजुरी दिन सक्नेछ ।

**१६. अभिलेख राख्ने व्यवस्था :** (१) यस मापदण्ड बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहिको अनुसूची -७ बमोजिम कार्यालयले अभिलेख अनिवार्य रुपमा राख्ने तथा सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्नेछ ।

**१७.बाधा अड्काउ फुकाउः** यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा आवश्यकता अनुसार गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१८. मापदण्ड संशोधनः** यस मापदण्ड आवश्यकता अनुसार गाउँपालिकाले संशोधन गर्न सक्नेछ ।

**१९. बचाउः** यस मापदण्डमा उल्लेख भएका कुरामा यसै मापदण्ड र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**अनुसूची -१**

**(दफा-३ को उपदफा (१) सँग सम्बन्धित)**

**<u>बिद्धुत महसुलमा अनुदान उपलब्ध गराईने क्षेत्रहरु</u>**

| क्र.स. | अनुदान उपलब्ध हुने शीर्षक | क्षेत्रहरु |
|---|---|---|
| १ | बिद्धुत महसुलमा अनुदान उपलब्ध गराईने क्षेत्र | लिफ्ट खानेपानी |

**अनुसूची -२**

**(दफा-३ को उपदफा (१) सँग सम्बन्धित)**

**बिद्धुत महसुलमा अनुदान कार्यक्रम सम्बन्धी सूचना**

सूचना

यस कार्यालयको आ.व ........को बार्षिक स्वीकृत कार्यक्रम अनुसार .............. अनुदान कार्यक्रम प्रारम्भ भएकोले रुरुक्षेत्र गाउँपालिका भित्रका .............ले ............को लागि **"लिफ्ट खानेपानी आयोजनामा बिद्धुत महसुल अनुदान सम्बन्धी मापदण्ड,२०८१"** बमोजिम कार्यक्रममा सहभागी हुन सुचना आह्वान गरिएको छ । थप जानकारीको लागि रुरुक्षेत्र गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न अनुरोध छ ।

सम्पर्क न..........................

इमेल ..............................

वेभसाईट .........................

## अनुसूची -३

### (दफा-३ को उपदफा (१) सँग सम्बन्धित)

### बिद्धुत महसुलमा अनुदान आवेदन फारम तथा संलग्न कागजातहरु

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

रुरुक्षेत्र गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

घिउबेंसी, गुल्मी ।

**बिषय : बिद्धुत महसुलमा अनुदानको लागि प्रस्ताव पेश गरिएको बारे ।**

प्रस्तुत बिषयमा तहाँ कार्यालयबाट मिति ................गते प्रकाशित सुचना अनुसार विद्धुत महसुलमा अनुदान प्राप्त गर्ने प्रयोजनको लागि तपसिल अनुसारका कागजहरु यसैसाथ संलग्न राखी यो निवेदन पेश गर्दछु ।

तपसिल

१) प्रस्ताव फारम ।

२) खानेपानी उपभोक्ता समितिको नविकरण भएको दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. र पछिल्लो आ.ब.को लेखा परिक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

३) विद्युत महसुल अनुदानग्राही परिचयपत्रको प्रतिलिपि ।

४) अनुदान माग गर्ने सभा/समितिको निर्णयको प्रतिलिपि ।

५) विद्युत महसुल तिरेको सक्कल विल/भरपाई ।

६) समितिको नाममा रहेको बैंक खाताको विवरण ।

७) अनुसुची–६ बमोजिमको वडा कार्यालयको सिफारिस ।

निवेदकको

हस्ताक्षर ...........................

नाम ................................

पद...................................

सम्पर्क नं ...........................

समितिको छाप .....................

## अनुसूची -४

(दफा-३ को उपदफा (१) सँग सम्बन्धित)

**बिद्धुत महसुल अनुदान परिचय पत्रको ढाँचा**

**रुरुक्षेत्र गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**घिउबेंसी, गुल्मी**

**बिद्धुत महसुल अनुदान परिचय पत्र**

बिद्धुत अनुदान प्राप्त गरेको समितिको नाम :
ठेगाना :
सम्पर्क नं :
बैंकको नाम र शाखा :
खाता नं :

परिचय पत्रको

जारी मिति :

जारी गर्ने अधिकारीको नाम र पद :

हस्ताक्षर :

कार्यालयको छाप :

(परिचयपत्रको पछाडि)

<u>नविकरण</u>

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण बहाल रहेको अवधि | फाँटवालाको दस्तखत | नविकरण गर्ने अधिकारीको दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| | | | | | |

## अनुसूची -४

## (दफा-३ को उपदफा (५) सँग सम्बन्धित)

## बिद्धुत महसुल अनुदान प्रदान गर्न गरिने सम्झौता पत्रको ढाँचा

(यो संझौता रुरूक्षेत्र गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र ............समिति बिच बिद्धुत महसुलमा अनुदान प्रदान गर्नका लागि भएको)

१) यो सम्झौता पत्र रुरूक्षेत्र गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय (यस पछि लिखतमा प्रथम पक्ष भनिने) र ................समिति (यस पछि यस लिखतमा दोश्रो पक्ष भनिने) सँग बिद्धुत महसुलमा अनुदान प्रदान गर्ने प्रयोजनका लागि प्रयोग गरिनेछ ।

२) यो सम्झौता, सम्झौता भएको सम्बन्धित महिनाको १ गतेदेखि प्रारम्भ हुनेछ ।

३) दोश्रो पक्षले यस सम्झौता अनुसार तोकिएको युनिट बिद्धुत खानेपानी लिफ्टिङ कार्य बाहेक अन्य कार्यको लागि बिद्धुत प्रयोग गर्नु हुँदैन ।

४) दोश्रो पक्षले विद्धुत मिटर सम्बन्धित समितिको नाममा रहेको हुनुपर्नेछ ।

५) दोश्रो पक्षले आफ्नै श्रोत बाहेक अन्य कुनै सरकारी वा गैर सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ ।

६) कार्यक्रमको लागत इस्टिमेट देहाय बमोजिम हुनेछ :

| क.स. | बिद्धुतबाट संचालन हुने उपकरणहरु | दैनिक संचालन हुने समय (घण्टा) | बार्षिक संचालन हुने दिन संख्या | बार्षिक अनुमानित खपत युनिट (kWh) | अनुमानित बिद्धुत महसुल रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | जम्मा | | | | | |
| | अनुदान रकम रु. | | | | | |

७) अनुदान रकम मासिक /त्रैमासिक/चौमासिक रुपमा प्रथम पक्षले दोश्रो पक्षको बैंक खातामार्फत उपलब्ध गराउनेछ । यस सम्झौता बमोजिमको कार्य संचालन गर्न दोश्रो पक्षले कुनै पनि प्रकारको पेश्की दाबी गर्न पाईने छैन ।

८) यस सम्झौतामा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| ............................... | | ........................ |
| प्रथम पक्षको तर्फबाट | | दोस्रो पक्षको तर्फबाट |
| नाम | | नाम |
| पद | | पद |
| हस्ताक्षर | रोहबर | हस्ताक्षर |

**अनुसूची -६**

**(दफा-५ को उपदफा (२) सँग सम्बन्धित)**

**बिद्धुत महसुल अनुदान भुक्तानीको लागि वडा कार्यालयले गाउँ कार्यपालिकाको कार्यालयलाई गर्ने सिफारिसको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
रुरुक्षेत्र गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
घिउबेंसी, गुल्मी ।

**बिषय : बिद्धुत महसुलमा अनुदान वापतको रकम उपलब्ध गराउनका लागि सिफारिस सम्बन्धमा ।**

प्रस्तुत विषयमा रुरुक्षेत्र गाउँपालिकाको बिद्धुत महसुलमा अनुदान कार्यक्रम अनुसार यस वडाको क्षेत्रभित्र संचालनमा रहेको तपसिल बमोजिमको समितिलाई लिफ्ट खानेपानी संचालन गर्न विद्धुत प्रयोग गरेबापत नियमानुसार अनुदान प्रदान गर्न योग्य रहेको व्यहोरा जानकारीका साथ सिफारिस गरिएको छ । साथै, अनुदानग्राहिको भुक्तानी मागको सक्कल निवेदन तथा अन्य कागजातहरु समेत यसै पत्र साथ पठाईएको व्यहोरा अनुरोध छ ।

.....................
वडा अध्यक्ष

तपसिल :

| क्र.स. | अनुदानग्राहिको नाम | ठेगाना | सम्पर्क नं. | बिद्धुत प्रयोग गरेको व्यवसाय तथा क्षेत्र | अनुदान रकम रु. | खाता भएको बैक र खाता नं. |
|---|---|---|---|---|---|---|
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**अनुसूची -७**

**(दफा-९ सँग सम्बन्धित)**

**अनुदानग्राहिको अभिलेख ढाँचा**

आ.व :

कार्यक्रमको नाम :

| क.स | अनुदानग्राही संस्थाको नाम | ठेगाना | सम्पर्क नं. | कार्यक्रमको जम्मा लागत रु. | अनुदान रकम रु. | कार्यक्रमबाट लाभान्वित घरधुरी/जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

आज्ञाले

लक्ष्मण पाण्डे

प्रमुख प्रशासकीय अधिकृत